प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# प्रेस विज्ञप्ती

विश्वब्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) कारण देशभर भएको (लक डाउन) बन्दाबन्दीको अवस्थामा कृषक बर्गमा परेको समस्याको समाधानका लागि कर्णाली प्रदेश सरकारका प्रवक्ता एवम भूमि ब्यवस्था,कृषि तथा सहकारीमन्त्री माननीय विमला केसी ज्यु को अध्यक्षतामा सर्वपक्षिय बैठक बस्यो । बैठकले गरेका  निर्णयहरु सबैको जानकारीका लागि यो विज्ञप्ती जारी गरिएको छ ।

१) कोरोना भाइरसको कारण नेपाल सरकारले आह्वान गरेको देशब्यापी लकडाउनको कारण पर्न गएको असरलाई न्युनिकरण गर्न कृषिजन्य उत्पादन,विउविजन आपूर्ति र बजारीकरणको लागि सहजीकरण गर्न कृषि विकास निर्देशनालयलाई जिम्मेवारी दिने निर्णय गरिएको छ ।

२) पशुपन्छि क्षेत्र अन्तरगत कुखुरा,अण्डा र दुधको न्यूनतम लागत मुल्य र विक्रि मुल्य एकिन गर्न मन्त्रालयवाट गठित कार्यदललाई जिम्मा दिने र पशुपन्छि तर्फबजारीकरणका लागि सहजीकरण गर्न पशुपन्छि विकास निर्देशनालयलाइ जिम्मेवारी दिने निर्णय भएको छ ।

३)  अति आवश्यक कृषि तथा पशुपन्छीजन्य उत्पादन वजारीकरण तथा ढुवानी सम्बन्धी  आवश्यक सहजीकरण गर्नका लागी प्रदेश स्तरमा कृषि विकास निर्देशनालय र पशुपन्छि विकास निर्देशनालय सुर्खेतले कृषकको समस्या समधान गर्न सम्पर्क ब्यक्ति र १/१वटा गाडीको व्यवस्था गरि काम अगाडी वढाउने तथा जिल्ला स्तरमा कृषि विकास कार्यालय र पशु अस्पताल तथा पशुसेवा कार्यालयले कृषकको समस्या समधान गर्न सम्पर्क ब्यक्तिको ब्यवस्था गरि काम अगाडी वढाउने निर्णय भएको छ । जसका लागी केहि समस्या भए प्रदेश स्तरमा तपशिलका ब्यक्तिसंग सम्पर्क गर्न सकिनेछ ।

**पशुपन्छी तर्फ**

१) मोहन गिरी ,सुचना अधिकारी पशुपन्छि विकास निर्देशनालय सुर्खेत मो.न.९८५८०५१५९४

२)दिपेन्द्र शर्मा माननीय मन्त्री ज्युको  सचिवालय मो.न ९८५८०७७५९९

**कृषि तर्फ**

१) यामवहादुर राना,वाली विकास अधिकृत कृषि विकास निर्देशनालय सुर्खेत मो.न. ९८५८०५१९४५

२)मुकुन्दमनी शर्मा माननीय मन्त्री ज्युको  सचिवालय मो.नं.९८४३५७१७७२

२०७७ बैशाख ०९

..........................
हरिप्रसाद पण्डित
निमित्त सचिव

निमित्त सचिव
2066/09/05


टेलिफोन नं: ०८३-५२००८२, ०८३-५२०९३७, फ्याक्स नं: ०८३-५२०२७३
ईमेल:-molmacp6@gmail.com